त्रिभुवन विश्वविद्यालय
**शिक्षाशास्त्र संकाय**
**डीनको कार्यालय**
बल्खु, काठमाडौं, नेपाल

मिति: २०८१।११।२७

## अधिनास्तक तह PGD Education दोस्रो सेमेस्टरको परीक्षा आवेदन फारम भर्ने/भराउने म्याद थप गरिएको सम्बन्धी सूचना

यस संकायअन्तर्गत सेमेस्टर प्रणालीमा सञ्चालित अधिस्नातक तह PGD Education दोस्रो सेमेस्टरको २०८२ साल बैशाख महिनामा सञ्चालन हुने परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरुले आफ्नो क्याम्पसमा सम्पर्क गरी दोब्बर दस्तुर तिरी अनलाइन तथा भौतिक परीक्षा आवेदन फारम भर्ने/भराउने म्याद यही २०८१ साल चैत्र ५ गतेसम्म थप गरिएको हुँदा सम्बन्धित सबैलाई सूचित गरिएको छ। सम्बन्धित क्याम्पसहरुले परीक्षा शुल्क वापत संकलित रकम यही २०८१ साल चैत्र ६ गतेभित्र यस संकायको नाममा नेपाल बैंक लि.मा रहेको बैंक खातामा जम्मा गरेको सक्कल भौचरको स्क्यान कपी अप्लोड गरी आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुले भरेका परीक्षा फारमहरुमा आन्तरिक मूल्यांकनको अकं प्रविष्ट गरी यही २०८१ साल चैत्र ६ गतेसम्म Verify गरिसक्नु पर्नेछ। साथै सबै सम्बन्धित क्याम्पसहरुले आ-आफ्ना क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई भौतिक परीक्षा फाराम समेत भराउनु पर्नेछ र सो फारममा तोकिएको ठाउँमा आन्तरिक मूल्यांकनको अंक प्रविष्ट गरी अन्य आवश्यक दस्तखत, छाप, फोटो आदि राखी यस शिक्षाशास्त्र संकाय डीनको कार्यालय परीक्षा नियन्त्रण महाशाखामा यही २०८१ साल चैत्र १० गतेसम्म पुग्ने गरी पठाउने व्यवस्था मिलाउनु पर्नेछ।

**पुनश्च:**

- विद्यार्थीहरुले यस संकायको वेवसाइट: www.tufoe.edu.np मा गई त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा फराम भर्न सकिनेछ ।
- परीक्षा आवेदन फारमवापत नियमित तथा आंशिक परीक्षाका लागि रु. २५००।- शुल्क लाग्नेछ जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ। परीक्षा फारमवापत संकलित रकम सम्बन्धित क्याम्पसले यस शिक्षाशास्त्र संकाय डीनको कार्यालयको बैंक खातामा तोकिएको समयभित्र जम्मा गर्नुपर्नेछ र सोको सक्कल भौचर भौतिक परीक्षा फारमका साथ ल्याई यस कार्यालयको लेखा शाखामा जम्मा गर्नुपर्नेछ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ। Online form भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ।
- क्याम्पस तथा कलेजको परीक्षा शाखाले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्यांकनको अंक परीक्षा फारममा अनलाइन मार्फत तथा भौतिक रुपमा भरी पठाउनु पर्नेछ। साथै विद्यार्थीहरुको आन्तरिक मूल्यांकन अंकको प्रमाणित विवरण भौतिक परीक्षा फारम संगै डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा बुझाउनु पर्नेछ।
- अनलाइन/भौतिक परीक्षा फारममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा दस्तखत र स्थानान्तर पत्र (यदि अन्य क्याम्पसबाट स्थानान्तर भइ अध्ययनरत विद्यार्थीको हकमा मात्र) अपलोड् गर्नुपर्नेछ।
- Online/Physical परीक्षा फारममा उल्लिखित रीत पूरा नभई आएमा उक्त परीक्षा फारम रद्द हुनेछ।

सहायक डीन